## स्नातकोत्तर तहको मौका परीक्षा आवेदन फाराम भर्ने सूचना

मध्यपश्चिम विश्वविद्यालय, परीक्षा व्यवस्थापन कार्यालय, सुर्खेतद्वारा मध्यपश्चिम विश्वविद्यालय, विद्यार्थी रजिष्ट्रेशन तथा परीक्षा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ को परिच्छेद ६ को बुँदा नं.३५ बमोजिम तपसिलका **स्नातकोत्तर तह तेस्रो र चौथो** सेमेस्टरका लागि लिइने मौका परीक्षाको परीक्षा फाराम भरी बुझाउन हुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। सम्बन्धित विद्यार्थीहरूले परीक्षा फाराम www.muexam.edu.np को **Online Exam Form** बाट देखिने **Portal Login** गरी आफ्नो प्रोफाईल मार्फत अनलाइन भर्नु पर्नेछ।

**तपसिल**

| ग्र्याजुयट स्कुल | तह | सेमेस्टर | विशिष्टिकरण |
|---|---|---|---|
| साइन्स एण्ड टेक्नोलोजी | स्नातकोत्तर (२०२४ भर्ना ब्याच) | तेस्रो र चौथो | M.Sc.Physics |
| एजुकेसन | स्नातकोत्तर (२०२४ भर्ना ब्याच) | तेस्रो | M.Ed. |
| इन्जिनियरिङ | स्नातकोत्तर (२०२४ भर्ना ब्याच) | तेस्रो | M.Sc.(Structural/Construction) |
| ह्युमानिटिज एन्ड सोसल साइन्सेस | स्नातकोत्तर (२०२४ भर्ना ब्याच) | तेस्रो र चौथो | MA |
| म्यानेजमेन्ट | स्नातकोत्तर (२०२४ भर्ना ब्याच) | तेस्रो र चौथो | MBS/MBA(Spring) |

**पुनश्चः**

१) उल्लेखित तह र सेमेस्टरको सत्रान्त परीक्षामा एक पटक मात्र सहभागी परीक्षार्थीहरूले परीक्षा फाराम भर्न सक्नेछन्। तर मध्यपश्चिम विश्वविद्यालय, विद्यार्थी रजिष्ट्रेशन तथा परीक्षा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ को परिच्छेद ६ को बुँदा नं.३६ बमोजिमका विद्यार्थीहरूले मौका परीक्षा फाराम भर्न सक्ने छैनन्।

२) तोकिएको सेमेस्टरमा कम्तिमा दुई विषय उत्तीर्ण भएका विद्यार्थीहरूले मात्र बाँकी रहेका विषयहरूका लागि मौका परीक्षामा सहभागी हुन पाउने छन्।

३) उपर्युक्त सेमेस्टरको मौका परीक्षामा सहभागी हुन चाहने विद्यार्थीले कुन परीक्षामा सहभागी हुन खोजेको हो प्रस्ट खुल्ने गरी अनलाईन परीक्षा फाराम भरी प्रिन्ट गरेर तोकिएको स्थानमा फोटो टाँस गरी हस्ताक्षर सहित क्याम्पस/विभाग/स्कुलको प्रशासन शाखामा अनिवार्य रुपमा बुभाउनु पर्नेछ। परीक्षा फाराम अस्पष्ट भई परीक्षाको प्रवेशपत्र नआई परीक्षामा सहभागी हुन नपाएको खण्डमा विद्यार्थी स्वयं जिम्मेवार हुनु पर्नेछ।

४) परीक्षा फाराम मिति २०८३ असार ३१ गतेदेखि २०८३ साउन ११ गतेसम्म नियमित दस्तुर र मिति २०८३ साउन १२ गतेदेखि मिति २०८३ साउन १३ गतेसम्म अतिरिक्त दस्तुर बुझाई फाराम भर्नुपर्नेछ।

नि. परीक्षा व्यवस्थापन प्रमुख


फोन नं. : +९७७+०८३+५२३७९२ इमेल : info@muexam.edu.np वेभसाइट : www.muexam.edu.np

मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल


पत्र संख्याः
चलानी नं.:

मिति : २०८३/०३/३१

५) सम्बन्धित शिक्षण संस्थाले मिति २०८३ साउन १५ गतेभित्र कार्यालय समयमा परीक्षा फाराम भरेका विद्यार्थीहरूको नामावली सहित नियमानुसार जम्मा गर्नुपर्ने रकमको बैङ्क भौचर र परीक्षा फाराम परीक्षा व्यवस्थापन कार्यालयमा बुझाइ सक्नुपर्नेछ ।

६) सम्बन्धित क्याम्पस/विभाग/स्कुलले परीक्षा फाराम पठाउँदा विद्यार्थीले भरेका Online Exam Form भरी बुझाएको भौतिक फाराम रूजु गरी अनलाईन फाराममा भरिएको विवरण (सङ्काय, तह, बिषयको सङ्ख्या, विषय कोड) यकिन गरी वर्णानुक्रम अनुसार मिलाई विवरण स्पष्ट छुट्टिने गरी छुट्टाछुट्टै फाइलिङ् गरी पठाउनुपर्नेछ ।

७) कुनै पनि परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा वा बिगारेमा आफुले अध्ययन गर्ने शिक्षण संस्था प्रमुखको सिफारिसमा परीक्षा सञ्चालन हुनुभन्दा कम्तिमा ३ दिन अघि प्रति विषय रु.४००।-( अक्षरेपी चार सय मात्र) शुल्क बुझाई परीक्षा व्यवस्थापन कार्यालयवाट आवश्यक संशोधन गर्न सकिनेछ ।

८) कुनै पनि परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन ।

नि.परीक्षा व्यवस्थापन प्रमुख
नि. परीक्षा व्यवस्थापन प्रमुख

**नोटः** विद्यार्थीले आफ्नो **User** र **Password** प्राप्त गर्नका लागि सम्बन्धित क्याम्पस/विभाग/स्कुलमा सम्पर्क गर्नुपर्ने छ ।


फोन नं. : +९७७+०८३+५२३७९२   इमेल : info@muexam.edu.np   वेभसाइट : www.muexam.edu.np